संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ ३२ गते विहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले भारतको लागि नेपाली राजदुत शंकर शर्मा‌ले सञ्चार माध्यममा अन्तरवार्ताको क्रममा दिनु भएको अभिव्यक्तिले नेपालको धर्म निरपेक्षताको नीतिमाथी प्रश्न खडा भएको, पशुपतिनाथ मन्दिरबाट दानपेटिका लागायत केहि मुर्ति तथा बहुमूल्य सम्पदा चोरिएको, राज्यले अनागरिक बनाएको भन्दै माइतीघर मण्डलामा आन्दोलनरत एक व्यक्तिले आत्मदाहको प्रयास गरेको साथै त्यस्तो प्रयास अझ बढ्न सक्ने भएकोले नागरिकता विहिन जनताहरुको सवालमा सरकार र न्यायालय सचेत हुनुपर्ने, सर्लाहीको इलाका प्रहरी कार्यालयमा कार्यरत डि.एस.पि.ले एउटा खसी नदिएको रिसमा एकजना पशुपालक किसानको ४२ वटा खसी अनियमति रुपमा पैठारी गरेको आरोप लगाउँदै भन्सारमा बुझाइदिएको लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रघुजी पन्त
२. मा० श्री प्रेमबहादुर आले
३. मा० श्री रेखा यादव
४. मा० डा० अमरेश कुमार सिंह
५. मा० श्री अब्दुल खान

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री विराज भक्त श्रेष्ठ
६. मा० श्री श्याम कुमार घिमिरे
७. मा० श्री शान्ती वि.क.
८. मा० श्री शिव नेपाली
९. मा० श्री शिशिर खनाल
१०. मा० श्री शेर बहादुर कुँवर
११. मा० श्री शोभा ज्ञवाली
१२. मा० श्री सन्तोष परियार
१३. मा० श्री सरस्वती सुब्बा
१४. मा० श्री सराज अहमद फारुकी
१५. मा० श्री सरिता भुसाल
१६. मा० श्री सान्ती चौधरी
१७. मा० श्री सिता मिजार
१८. मा० श्री सुमना श्रेष्ठ
१९. मा० श्री सुशीला श्रेष्ठ
२०. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२१. मा० श्री सूर्य प्रसाद ढकाल
२२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२३. मा० श्री सूर्य मान तामाङ (दोङ)
२४. मा० श्री सोनु मुर्मु
२५. मा० श्री सोबिता गौतम
२६. मा० श्री हरि ढकाल
२७. मा० श्री हित बहादुर तामाङ
२८. मा० श्री हितराज पाण्डे
२९. मा० श्री हृदयराम थानी
३०. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३१. मा० श्री वीना जैसवाल
३२. मा० डा० स्वर्णिम वाग्ले

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत आज शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समेत निर्धारण भएकोमा उक्त मन्त्रालयबाट वार्षिक विकास कार्यक्रम समावेश भएको पुस्तक प्राप्त नभएकोले आजको कार्यसूचीबाट शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम हटाई २०८० साल असार ५ गतेको दिन निर्धारण गरेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफलमा वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत छलफलमा उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनु भयो ।

१. मा० श्री नारायण प्रसाद आचार्य
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री भगवती चौधरी
४. मा० श्री सूर्य प्रसाद ढकाल

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री ऋषिकेश पोखरेल
३. मा० श्री हितराज पाण्डे
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री रोसन कार्की
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री भानुभक्त जोशी
८. मा० श्री अनिता देवी
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री चित्र बहादुर के.सी.
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री प्रदिप पौडेल
१३. मा० श्री महेश बस्नेत
१४. मा० श्री माधव सापकोटा
१५. मा० श्री मनिष झा
१६. मा० श्री शेर बहादुर कुँवर
१७. मा० श्री श्री हृदयराम थानी
१८. मा० श्री मानविर राई
१९. मा० श्री गंगा कार्की
२०. मा० श्री बिन्दबासिनि कांसकार
२१. मा० श्री जावेदा खातुन जागा
२२. मा० श्री शोभा ज्ञवाली
२३. मा० श्री रुपा सो.शी. (चौधरी)
२४. मा० श्री नागिना यादव
२५. मा० श्री अमृत लाल राजवंशी
२६. मा० श्री कालुराम राई
२७. मा० श्री विजुला रायमाझी
२८. मा० श्री सराज अहमद फारुकी
२९. मा० श्री निर्मला कोईराला
३०. मा० श्री प्रतिक्षा तिवारी
३१. मा० श्री मेनका कुमारी पोखरेल

यसैबीच माननीय श्री रोसन कार्कीले छलफलमा भाग लिने क्रममा युवा तथा खेलकुद मन्त्री बैठकमा नदेखिएको भन्नुभएपछि सम्माननीय सभामुखले युवा तथा खेलकुद मन्त्री देश बाहिर रहनुभएकोले उहाँको कार्यभार सम्हाल्नु भएका मन्त्रीलाई उपस्थित गराइने र सम्बन्धित मन्त्रालयबाट सचिव सहितको टोली टिपोटको लागि आउनु भएको जानकारी गराउनु भयो । त्यसपछि मा० श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै मन्त्रीको उपस्थिति विना मन्त्रालयको कार्यक्रममाथि छलफल हुन नसक्ने भएकोले युवा तथा खेलकुद मन्त्रालयको कार्यक्रम आजको सूचीबाट हटाईयोस् भन्नुभएपछि सम्माननीय सभामुखले युवा तथा खेलकुद मन्त्रीको उपस्थिति सम्बन्धमा प्रश्न उठेकोले कार्यसूचीमा रहेको युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विषयलाई सूचीबाट हटाई बाँकी दुईवटा मन्त्रालयका सम्बन्धमा मात्र छलफल हुने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै विनियोजन विधेयक, २०८० अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार १ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । साथै आजको बैठकमा मा० युवा तथा खेलकुद मन्त्री अनुपस्थित रहनु भएकोले दैनिक कार्यसूचीबाट हटाईएको र युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम २०८० साल असार ६ गतेको लागि निर्धारण गरेको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार १ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:०० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव